**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १४ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रले आज भारतीय संविधानका निर्माता डॉक्टर भीमराव आंबेडकरलाई उहाको 134 ओ जयंतीमा श्रद्धांजलि अर्पित गरेको छ।

- मुर्शिदाबादमा हालै भएको हिंसाका कारण पश्चिम बङ्गालको कानुनी अवस्थाबारे चिन्ता व्यक्त गर्नु हुँदै विपक्षी नेता सुवेन्दु अधिकारीले राष्ट्रपति शासनको मांग गर्नु भएको छ।

- पहाड अनि तराईमा नेपाली नयाँ वर्ष २०८२ विभिन्न सांस्कृतिक कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ।

- भारतरत्न डा भीमराव अम्बेडकरको जन्म जयन्ती आज पहाड, तराई र डुवर्सका विभिन्न स्थानहरूमा श्रद्धा र उत्साहका साथ पालन गरिएको छ।

- मौसम विभागले आजदेखि १८ अप्रेलसम्म पश्चिम बंगालका धेरै जिल्लाहरूमा आँधीबेहरी र वर्षाको चेतावनी जारी गरेको छ।

**आंबेडकर जयंती**

राष्ट्रले आज भारतीय संविधानका निर्माता डॉक्टर भीमराव आंबेडकरलाई उहाको 134 ओ जयंतीमा श्रद्धांजलि अर्पित गरेको छ। यस अवसरमा देशभरिनै अनेक कार्यक्रम आयोजित गरिएको थियो। राष्ट्रपति द्रौपदी मुर्मुले तथा प्रधानमन्त्री नरेन्द्र मोदीले डा. भीमराव अम्बेडकरको जन्मजयन्तीमा देशका मानिसहरुलाई शुभकामना दिनु भएको छ। राष्ट्रपति मुर्मु, उपराष्ट्रपति जगदीप धनखर, प्रधानमन्त्री मोदी, लोकसभा अध्यक्ष ओम बिरला, राज्यसभाका उपसभापति हरिवंश, राज्यसभामा सदनका नेता जेपी नड्डा, राज्यसभामा विपक्षी दलका नेता मल्लिकार्जुन खर्गे, लोकसभामा विपक्षी दलका नेता राहुल गान्धी, केन्द्रीय मन्त्रीहरू र संसद सदस्यहरूले, आज संसद भवन परिसरमा डा. भीमराव अम्बेडकरको प्रतिमामा श्रद्धाञ्जली अर्पण गर्नुभयो।लोकसभा अध्यक्ष ओम बिरला, दिल्लीकी मुख्यमंत्री रेखा गुप्ता, केन्द्रीय मंत्रीहरु, संसदका सदस्यहरुले, लगायत विभिन्न राजनीतिक दलका नेताहरुले संविधान सदनको सेंट्रल हलमा डाक्टर भीमराव आंबेडकरको प्रतिमा समक्ष श्रद्धांजलि अर्पित गर्नुभयो।

****** ० ******

**मुर्शिदाबाद सुवेन्दु अधिकारी**

मुर्शिदाबादमा हालै भएको हिंसाका कारण पश्चिम बङ्गालको कानुनी अवस्थाबारे विपक्षी नेता सुवेन्दु अधिकारीले चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले राज्य सरकार नागरिकको सुरक्षा गर्न असफल भएको आरोप लगाउनुभयो र 2026 को विधानसभा चुनाव राष्ट्रपति शासन अन्तर्गत गरिनु पर्ने बताउनुभयो। उहाँले पुलिस सत्तारूढ दलको पक्षमा काम गरिरहेको र हिन्दू अल्पसंख्यकहरूलाई मतदान गर्नबाट रोकिएको दाबी गर्नुभयो। अर्को तर्फा तृणमूल कांग्रेसका नेता तथा मन्त्री फिरहाद हकीमले यी आरोप अस्वीकार गर्दै दोषीहरूको पहिचान भइरहेको र प्रशासनले स्थिति सामान्य बनाउन प्रयास गरिरहेको बताउनुभयो। मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यमा वक्फ संशोधन कानून लागू नहुने स्पष्ट पार्नुभएको छ।

****** ० ******

## नेपाली नयाँ वर्ष २०८२

पहाड अनि तराईमा नेपाली नयाँ वर्ष २०८२ विभिन्न सांस्कृतिक कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ। गोरखा समुदायको पहिचान, भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि विविध कार्यक्रमहरू आयोजना गरिएका थिए। बिजनबारीमा 'द बी टीम बिजनबारी'द्वारा आयोजित दुई दिने सांस्कृतिक कार्यक्रम अन्तर्गत "नेपाली नयाँ वर्ष पहिलो वैशाख महोत्सव" भव्य रूपमा सम्पन्न भयो। कार्यक्रम क्षेत्रीय सभासद भुपेन्द्र छेत्रीको सभापतित्वमा सम्पन्न भयो भने गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) का कार्यपालक अध्यक्ष अनित थापा प्रमुख अतिथिको रूपमा सहभागी हुनु भयो। जातीय भेषभूषामा सजिएर बिजनबारी खेलमैदानबाट सुरु भएको बृहत शोभायात्रा बिजनबारी बजार हुँदै चैनपुरे र पुलबजार परिक्रमा गर्दै पुनः खेलमैदानमा आएर समापन गरिएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै अनित थापाले गोर्खा समुदायले आफ्ना संस्कृति, भाषा र परम्परामाथि गर्व गर्नुपर्ने बताउनु भयो। उहाले नयाँ वर्षलाई भव्यतासाथ मनाउनु हामी सबैको जिम्मेवारी भएको उल्लेख गर्नुभयो।

**Byte**

कालेबुङमा पनि गोर्खा गौरव संस्थानको आयोजनामा पहिलो वैशाख भव्यतासाथ मनाइयो। नेपालबाट आएका नौमती बाजा टोलीको अगुवाइमा निकालिएको र्‍यालीमा लाखे नाच, डम्फुरे, मादल, खैंजडी जस्ता परम्परागत कला र संस्कृतिको प्रस्तुति दिइएको थियो।

**Byte**

विभिन्न संघसंस्था, राजनैतिक दल, विद्यालय लगायतको व्यापक सहभागिता रहेको शोभायात्रा मेला ग्राउन्डबाट सुरु भई डम्बरचोक, १० माइल हुँदै पुनः मेला ग्राउन्डमै समापन भएको थियो। यसै क्रममा कालेबुङ मादल संरक्षण समितिको अगुवाइमा सामूहिक मादल वादनमार्फत रेकर्ड कायम गरिएको थियो। सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिएको आयोजक समितिले जनाएको छ।

यसरीनै, खरसाङमा गोर्खा सांस्कृतिक संस्थानको अगुवाइमा रेलवे स्टेशन परिसरबाट सुरु भएको सांस्कृतिक शोभायात्रा शहर परिक्रमा गर्दै सम्पन्न गरियो। शोभायात्रामा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले जातीय भेषभूषामा सहभागी जनाएका थिए। कार्यक्रमपछि हरिजन समाज खरसाङको आयोजनामा डा. भीमराव अम्बेडकरको जयन्ती पनि मनाइएको थियो। तिनधारेमा स्थानीय युवा समूह र सामाजिक संस्थाहरूको सहकार्यमा पहिलो वैशाखको अवसरमा स्थानीय कलाकारहरूको प्रस्तुति, लोक नृत्य, गीत र प्रतियोगितामार्फत नयाँ वर्ष मनाइएको थियो। गाउँको मुख्य चोकबाट सुरु भएको शोभायात्राले बस्ती परिक्रमा गरेको थियो। सिलगढीमा दुर्गागढी जनकल्याण संगठनको आयोजनामा "सिलगढी सम्मान कार्यक्रम" सम्पन्न भयो। विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूलाई स्मृति चिन्ह प्रदान गर्दै सम्मान गरियो।

****** ० ******

## अम्बेडकर जयन्ती

भारतरत्न डा भीमराव अम्बेडकरको जन्म जयन्ती आज पहाड, तराई र डुवर्सका विभिन्न स्थानहरूमा श्रद्धा र उत्साहका साथ पालन गरिएको छ। सोनादामा अखिल भारतीय नेपाली अनुसूचित जाति संघको आयोजनामा अम्बेडकर जयन्ती भव्य रूपमा मनाइएको छ। कार्यक्रमको अध्यक्षता हर्क घिमिरेले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा सभासद अनोश थापाको उपस्थिति रहेको थियो। कार्यक्रममा डा भीमराव अम्बेडकरको जीवनी र दर्शनमाथि प्रस्तुति दिइएको थियो साथै सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरियो। त्यसैगरी, कालेबुङमा जिल्ला प्रशासनद्वारा आयोजित कार्यक्रममा डा भीमराव अम्बेडकरको सालिकमा पुष्पार्पण र माल्यार्पण गरिएको थियो। कार्यक्रममा जिलाधीश बालासुब्रमण्य टीले बाबा डा भीमराव अम्बेडकरका स्वतन्त्रता, समानता र बन्धुत्वका मूल्यहरूको चर्चा गर्दै उहाँप्रति श्रद्धा व्यक्त गर्नु भयो। नगरकट्टामा लुकसान बुद्धिस्ट डेभलपमेन्ट सोसाइटीद्वारा आयोजित कार्यक्रममा डा. अम्बेडकरको तस्वीरमा माल्यार्पण, धूप प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरियो। संस्थाका सचिव किशोर लामाले डा. अम्बेडकरको योगदानबारे जानकारी दिनु हुँदै युवाहरूलाई उहाँबाट प्रेरणा लिन आग्रह गर्नु भयो।

****** ० ******

## शिक्षा घोटाला

पश्चिम बंगालको स्कूल घोटालामा सीबीआईले अहिले २०१६ को परीक्षामा प्रयोग गरिएको ओएमआर शीट किन स्क्यान गरी सुरक्षित नराखिएको भन्ने कुराको अनुसन्धान गरिरहेको छ। जबकि स्कूल सर्भिस कमिसनसँग स्क्यान गर्ने सुविधा उपलब्ध थियो। सुप्रीम कोर्टले हालै यस नियुक्ति प्रक्रिया रद्द गर्दै भनेको छ—कसले घुस दिई पास भयो र कसले ईमानदारीपूर्वक—यो छुट्याउन नसकिने भएकाले पुरै प्यानल रद्द गरिनुपर्छ। जाँचमा खुलेको छ कि ओएमआर शीटको स्क्यान/डिजिटल प्रतिलिपि नराखी नष्ट गरिएको थियो। डब्ल्यूबीएसएससीसँग आफ्नै स्क्यान गर्ने व्यवस्था हुँदाहुँदै किन बाह्य निजी एजेन्सी (गाजियाबादको) लाई काम दिइयो भन्ने प्रश्न उठेको छ। सीबीआईले अदालतमा बताएअनुसार, तीन वर्षसम्म डेटा राख्ने पुरानो नियम बदलेर एक वर्षमै डेटा मेटाइएको थियो, जुन तत्कालीन शिक्षा मन्त्री पार्थ चटर्जीको आदेशमा गरिएको थियो। अब सीबीआई यो पत्ता लगाउने प्रयासमा छ कि कसको इशारामा नियम बदलिए र किन आफ्नै प्रविधिको सट्टा बाहिरी कम्पनीको प्रयोग गरियो।

****** ० ******

**<u>ट्रेल रन प्रथम स्थान</u>**

सिक्किमको राभाङ्लामा आज भएको राभाङ्ला छो -जो लेक  १८ किलोमिटरको ट्रेल रनमा दार्जीलिङ्ग आभा आर्ट ग्यालरी निवासी प्रवेश तामांग प्रथम स्थान हासिल गर्न सफल भएका छन्। तामांगले  ले १ घण्टा  ३५ मिनट मा १८ किलोमिटरको यस ट्रेल रन पुरा गरेर प्रथम स्थान हासिल गरे।  यस १८ किलोमिटरको ट्रेल रनमा भारत भरी बाट नै धावकहरु ले अंश ग्रहण गरेका थिए।

****** ० ******

**मौसम**

मौसम विभागले आजदेखि  १८ अप्रेलसम्म पश्चिम बंगालका धेरै जिल्लाहरूमा आँधीबेहरी र वर्षाको चेतावनी जारी गरेको छ। बंगालको खाडीबाट आउने आर्द्रता र अनुकूल हावाका कारण राज्यको मौसममा यो परिवर्तन देखिनेछ। विभाग  अनुसार बंगलादेश र आसपासका क्षेत्रहरूको माथिल्लो वायुमण्डलमा चक्रवाती परिसंचरण कायम छ। यसको प्रभावका कारण दक्षिण बंगालका धेरै भागहरूमा एक वा दुई स्थानमा बिजुली चम्कने र हल्कादेखि मध्यम वर्षासँगै तेज हावा चल्न सक्छ। विशेष गरी पुरुलिया, वीरभूम, मुर्शिदाबाद, पूर्व र पश्चिम बर्दवान र नादिया जिल्लाहरूमा हावाको तीव्रता उच्च रहने सम्भावना छ। यसका साथै  उत्तर बंगालका केही भागहरूमा १७ अप्रेलसम्म कतिपय ठाउमा  मेघगर्जन र तेज हावासँगै वर्षा हुन सक्ने बताईएको छ । मौसम विभागले मानिसहरूलाई सतर्क रहन र आवश्यक सावधानी अपनाउन सल्लाह दिएको छ।

****** ० ******